# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## <u>नागरिक बचतपत्र २०६७“क” निष्कासन गरिने सूचना</u>

नेपाल सरकारको राष्ट्र ऋण ऐन, २०५९ राष्ट्र ऋण नियमावली, २०५९ अनुसार देहाय बमोजिमका शर्तहरु कायम गरी नागरिक बचतपत्र २०६७“क” निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०६७“क” (३ वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रू.५०.०० करोड (पचास करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक व्याजदर :- ७.५० प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि :- २०६४ चैत्र १४ गतेदेखि चैत्र २१ गतेसम्म ।
(ङ) निष्कासन हुने मिति :- २०६४ चैत्र २४ गते ।
(च) साँवा भुक्तानी हुने मिति :- २०६७ चैत्र २४ गते ।
(छ) खरिद गर्न सकिने रकम :- रु.१,०००।- वा सो अंकले भाग गर्दा नि:शेष हुने रकम (बढीमा दश लाख रुपैयाँसम्म) ।
(ज) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. यस बचतपत्रको ब्याज तोकिएको ब्याजदरमा हरेक ६/६ महिनामा आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, **<u>वाणिज्य बैंक तथा देहायका बजार निर्माताहरु</u>** बाट भुक्तानी लिन सकिनेछ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता कहाँ रकम बुझाएकै मितिदेखि २०६४ चैत्र २३ गतेसम्मको खण्डित अवधिमा उपर्युक्त ब्याजदरले हुन आउने ब्याज रकम समेत भुक्तानी पाउनेछन् ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन पाइनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा दरखास्त फाराममा थान-१ पासपोर्ट साइजको फोटो र आफूले लिन चाहेको बचतपत्रको प्रत्येक प्रमाणपत्रको लागि थान-१ का दरले पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको स्थानीय निकायबाट लिइएको जन्मदर्ता प्रमाणपत्रको छविचित्र समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम विना ब्याज अस्वीकृत भएको मितिले ७ दिनभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. यो बचतपत्र यस बैंकबाट इजाजतप्राप्त देहायका बजार निर्माताहरु तथा उपत्यकाबाहिर नेपाल राष्ट्र बैंकका कार्यालय एवं वाणिज्य बैंकहरु मार्फत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुबाट नि:शुल्क उपलब्ध हुनेछन् ।

८. यस बैंकका उपत्यका बाहिरका कार्यालय, वाणिज्य बैंक तथा बजार निर्माताहरुले यसै सूचनालाई आधार मानी नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई उपर्युक्त म्यादभित्र बिक्री गरी सोको विवरण दैनिक फ्याक्स (फ्याक्स नं. ४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु हुलाक वा एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

९. बिक्री खुला रहेको अवधि पूरा नहुँदै निष्कासित रकम बिक्री भएमा उक्त अवधि समाप्त हुनु अगावै बचतपत्र बिक्री कार्य बन्द गर्न सकिने छ । साथै, बिक्री खुला रहेको अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहेमा वा बढी माग भएमा बचतपत्रको बाँडफाँड यस बैंकको निर्णय बमोजिम हुनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४२५७८८० वा ४२४८९००-९०४ एक्सटेन्सन १२३ वा ११५ मा वा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन वा यस बैंकको वेबसाइड http://www .nrb.org.np मा हेर्नु हुन अनुरोध गरिन्छ ।

| क्र.सं. | बजार निर्माताको नाम | ठेगाना |
|---|---|---|
| १. | अन्नपुर्ण फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | पोखरा, कास्की |
| २. | आइ.एम.ई. फाइनान्सियल इन्ष्टिच्यूशन लिमिटेड | कान्तिपथ, काठमाडौं |
| ३. | आइ.सि.एफ.सि.वित्तीय संस्था लिमिटेड | भाटभटेनी, काठमाडौं |
| ४. | इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं.लि.(वित्तीय संस्था) | नयाँ वानेश्वर, काठमाडौं |
| ५. | एन.आई.डि.सि. क्यापिटल मार्केट्स लि. (वित्तीय संस्था) | कमलपोखरी, काठमाडौं |
| ६. | एल्पिक एभरेष्ट फाइनान्स लि. (वित्तीय संस्था) | सुन्धारा, काठमाडौं |
| ७. | एस डेभलपमेन्ट बैंक लि. | नारायणचौर, काठमाडौं |
| ८. | ओम फाइनान्स लिमिटेड (वित्तीय संस्था) | पोखरा, कास्की |
| ९. | क्रिष्ट मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.(वित्तीय संस्था) | अनामनगर, काठमाडौं |
| १०. | कृषि विकास बैंक | रामशाहपथ, काठमाडौं |
| ११. | क्रिष्टल फाइनान्स लि. (वित्तीय संस्था) | बागदरवार, काठमाडौं |
| १२. | गूडविल फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| १३. | गुह्येश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि. (वित्तीय संस्था) | जावलाखेल, ललितपूर |
| १४. | गोरखा फाइनान्स लिमिटेड (वित्तीय संस्था) | हात्तीसार, काठमाडौं |
| १५. | गोरखा विकास बैंक (नेपाल) लि. | पुतलीसडक, काठमाडौं |
| १६. | डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| १७. | नवदूर्गा फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | इताछें, भक्तपूर |
| १८. | नविल बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| १९. | नागरिक लगानी कोष | पूतलीसडक, काठमाडौं |
| २०. | नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| २१. | नेपाल फाइनान्स एण्ड सेभिङ्गस् कं.लि. (वित्तीय संस्था) | कमलादी, काठमाडौं |
| २२. | नेपाल बंगलादेश बैंक लि. | बिजूलीबजार, काठमाडौं |
| २३. | नेपाल मर्चेण्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेड | दरवारमार्ग, काठमाडौं |
| २४. | नेपाल विकास बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| २५. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था) | रामशाहपथ, काठमाडौं |
| २६. | नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लि. (वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| २७. | नेशनल फाइनान्स लि. | नयाँसडक, काठमाडौं |
| २८. | पश्चिमाञ्चल विकास बैंक लिमिटेड | बूटवल, रुपन्देही |
| २९. | पोखरा फाइनान्स लिमिटेड (वित्तीय संस्था) | पोखरा, कास्की |
| ३०. | प्रभू वित्तीय संस्था लिमिटेड | कान्तिपथ, काठमाडौं |
| ३१. | पूडेन्सियल वित्तीय संस्था लि. | डिल्लीबजार, काठमाडौं |
| ३२. | फेवा फाइनान्स कं. लिमिटेड (वित्तीय संस्था) | पोखरा, कास्की |
| ३३. | बागेश्वरी विकास बैंक लिमिटेड | नेपालगञ्ज, बाँके |
| ३४. | बुटवल फाइनान्स लिमिटेड (वित्तीय संस्था) | बूटवल, रुपन्देही |
| ३५. | भाजुरत्न फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) | कान्तिपथ, काठमाडौं |
| ३६. | मर्केन्टाइल फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | वीरगञ्ज, पर्सा |
| ३७. | मर्चेन्ट फाइनान्स कम्पनी लि. (वित्तीय संस्था) | न्यूरोड, काठमाडौं |
| ३८. | मालिका विकास बैंक लिमिटेड | धनगढी, कैलाली |
| ३९. | यूनाइटेड फाइनान्स लि. | तीनधारा, काठमाडौं |
| ४०. | यूनियन फाइनान्स लिमिटेड (वित्तीय संस्था) | कमलादी, काठमाडौं |
| ४१. | रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.(वित्तीय संस्था) | दरवारमार्ग, काठमाडौं |
| ४२. | लक्ष्मी बैंक लिमिटेड | वीरगञ्ज, पर्सा |
| ४३. | ललितपुर फाइनान्स लिमिटेड (वित्तीय संस्था) | लगनखेल, ललितपूर |
| ४४. | लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) | त्रिदेवीमार्ग, काठमाडौं |
| ४५. | लुम्बिनी बैंक लिमिटेड | दरवारमार्ग, काठमाडौं |
| ४६. | विराटलक्ष्मी विकास बैंक लिमिटेड | विराटनगर, मोरङ्ग |
| ४७. | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. (वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| ४८. | सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | मानभवन, ललितपूर |
| ४९. | सम्झना फाइनान्स कम्पनी लि. (वित्तीय संस्था) | बनेपा, काभ्रेपलाञ्चोक |
| ५०. | सानिमा विकास वित्तीय संस्था लि. | नागपोखरी, काठमाडौं |
| ५१. | सिद्धार्थ फाइनान्स लिमिटेड (वित्तीय संस्था) | भैरहवा, रुपन्देही |
| ५२. | सिभिल मर्चेन्ट वित्तीय संस्था लि. | कूलेश्वर, काठमाडौं |
| ५३. | सेन्ट्रल फाइनान्स लि. (वित्तीय संस्था) | कूपण्डोल, ललितपूर |
| ५४. | स्टेण्डर्ड फाईनान्स लिमिटेड (वित्तीय संस्था) | कमलपोखरी, काठमाडौं |
| ५५. | हिमालय फाईनान्स लि. | बागदरवार, काठमाडौं |